# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ सख्या : १३ गाउँकार्यपालिकाबाट पारित मितिः २०८२।०९।२३

## भाग-२

सिस्ने गाउँपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०८१ पहिलो (संसोधन २०८२)

**प्रस्तावनाः**

स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय सरकारले प्राप्त अधिकार क्षेत्रभित्र रहेर यस पालिका भित्र संचालनमा रहेका र संचालन हुने कृषिजन्य,पशुपन्छीजन्यय तथा माछाजन्य(उत्पादन प्रशोधन देखि बजारीकरण सम्मका)व्यवसायहरुलाई व्यवस्थित गर्दै कृषि तथा पशुपन्छी व्यवसायहरु संचालनमा प्रेरित गर्न र नियमन कार्यको लागि , कृषि तथा पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखिबाट व्यवसायिकरणमा परिणत गर्न र तिव्र गतिमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक भएको छ । यसका लागि कृषि तथा पशुपन्छी उत्पादन,प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्ग सम्म पुर्याउन र कृषि पशु व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवं गरिबी न्यूनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योग्दान पुर्याउनका साथै युवाहरुको वढ्दो बैदेशिक पलायनलाई निरुत्साहित यस गाउँपालिकामा कृषि तथा पशुपन्छी व्यवसायको माध्यमबाट गाउँपालिकाको विभिन्न निती तथा कार्यक्रमलाई सहज,सरल,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२३ र स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) र प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सिस्ने गाउँ कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ्र**

क. यस मापदण्डको नाम "सिस्ने गाउँपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी मापदण्ड २०८१" रहेको छ ।

ख. यो मापदण्ड गाँउकार्यपालीकाबाट स्विकृत भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "कृषक" भन्नाले सिस्ने गाँउपालिकाका भित्रका वडाहरूमा व्यावसायिक रूपमा कृषि तथा पशुपालन व्यवसाय गरि कृषि उपजहरू उत्पादन गर्दै आइरहेका व्यक्तिहरूलाइ सम्झनु पर्दछ ।

ख. "कृषक समुह" भन्नाले सिस्ने गाँउपालिकामा बिधीवत रूपमा दर्ता भएका कृषक समुहहरूलाइ सम्झनु पर्दछ ।

ग. "कृषि उपज" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाधान्न, तेलहन, दलहन, पुष्प, च्याउ, मह, आदि सम्झनु पर्दछ ।

घ. "अनुदान" भन्नाले कृषक हरूले माग गरेका सामाग्री तथा प्रबिधीहरूमा सिस्ने गाँउपालिकाले दिएको छुट रकमलाइ सम्झनु पर्ददछ ।

ङ. "अनुदानग्राही"भन्नालेसिस्ने गाँउपालिकाबाट अनुदान प्राप्त कृषक, कृषक समुह, कृषि फार्म र सहकारीलाइ समझनु पर्दछ ।

## परिच्छेद- २

## कार्यक्रमको प्राविधिक र आर्थिक पक्ष

### ३. तालिम

३.१ उद्धेश्य

तालिमको मुख्य उद्धेश्य कृषकहरूको ज्ञान, शिप अभिवृद्धि गर्ने रहेको छ ।

३.२ कार्यक्रमको प्राविधिक पक्ष/संचालन विधि

- आफुले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही कृषि विकासमा केहीगरौ भन्ने भावना भएका कृषक छनौट गरिने छन् ।
- तालिमहरू २ देखि ३ दिन सम्म संचालन गरिने छन् ।
- यस तालिममा २५ देखि ३५ जना सम्म कृषक सहभागी हुनेछन् ।
- तलिममा १ घन्टा ३० मिनेटका दरले प्रति दिन ४ वटा कक्षा रहनेछन् ।
- तालिम व्यवस्थापनमा तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

  क. सहभागी हुने कृषकहरुलाई तालिमको जानकारी गराई सहभागिता गराउनु पर्ने छ ।

  ख. तालिम कार्यक्रममा शैक्षिक सामग्री, नास्ता आदि को व्यवस्था मिलाउनुका साथै फिल्ड भ्रमण, प्रयोगात्मक कक्षाको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखी कार्यक्रम सुनिश्चित गरिने छ ।

३.३ आर्थिक मापदण्ड  अनुसूची १ बमोजीम हुने छ ।

### ४. तरकारी वीउ वितरण

४.१ उद्धेश्य

किसानको कृषि उत्पादन वृद्धीमा सहयोग पुर्याउन सिजन अनुसार विभिन्न तरकारीका उन्नत बीउ वितरण गरिने छ ।

४.२ कार्यक्रमको प्राविधिक पक्ष/संचालनविधि

- सिजन अनुसार गाउँपालिकाको कार्यालय बाटै अथवा घुम्ति सिविर आयोजना गरी वडामा विउ वितरण गरिने छ ।
- बीउको जात, बीउ लगाउने समय, मल हाल्ने समय, सिचाइ र कटानी गर्ने समय, आदिको ववरण किसानलाइ उपलब्ध गराइने छ ।
- कृषकको नाम, ठेगाना र कृषकका विभिन्न धारणा हरू रेकड गरिने छ ।
- कृषकले मन पराएमा सोही बीउबाट क्षेत्र बिस्तार गरिने छ ।

४.३आर्थिक मापदण्ड

कृषि विकास शाखाले विनियोजित बजेटबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को व्यवस्था अनुसार बीउ विजन खरिद गर्न सक्ने छ ।

## ५. कृषि मेला प्रदर्शनी

५.१ उद्धेश्य

कृषकहरूको उत्पादनलाइ उत्कृष्टताको आधारमा कदर गरी दर्शकहरूलाइ प्रोत्साहन गर्ने ।

५.२ कार्यक्रमको प्राविधिक पक्ष/संचालनविधि

- प्रदर्शनीको मिति तय गरी व्यापक प्रचार प्रसार गरिने छ ।
- प्रदर्शनी आयोजक समिति गठन गरी विभिन्न कामहरूको जिम्मा दिइने छ ।
- प्रदर्शन कक्षहरू कायम गरी व्यवस्थित रूपमा राख्ने प्रबन्ध मिलाइने छ।
- प्रदर्शित उत्पादनहरू बीच प्रतिस्पर्धा गराइ मूल्यांकन टोलीले उत्कृष्ट ठहर्याएकालाइ पुरस्कृत गरिने छ।
- खाध्दान्न बाली, दलन तथा नगदे बाली, फलफूल, तरकारी, आलु, माछा तथा विविध विधामा पुरस्कृत गरिने छ ।
- प्रत्यक विधीमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना गरी चार जना पुरस्कृत गरिने छन् ।
- अवस्यकता अनुसार विधा र पुरस्कार थप घट गर्न सकिने छ ।

५.३ आर्थिक मापदण्ड अनुसूचि २ बमोजिम हुनेछ ।

## ६. बैठक

६.१ उद्धेश्य

कृषि विकास शाखाका कार्यक्रम हरूको समिक्षा गर्न तथा कार्यविधी, मापदण्ड, निर्देशिका आदिको बारे छलफल गर्न बैठक बसिने छ ।

६.२ कार्यक्रमको प्राविधिक पक्ष/संचालनविधि

- आवश्यकता अनुसार कृषि विकास शाखा तथा अन्य शाखाका कर्मचारी तथा जनप्रतिनीधीलाइ समेटी समिति गठन गरेर बैठक बसिने छ ।

६.३ आर्थिक मापदण्ड

सहभागिलाइ प्रचलित कानुन अनुसार भत्ता उपलब्ध गराइने छ ।

## ७. अनुगमन

७.१ उद्धेश्य

कृषि विकास शाखा बाट कार्यक्रम पारेका कृषक तथा संथाको प्रगति अनुगमन गर्न ।

७.२ कार्यक्रमको प्राविधिक पक्ष/संचालनविधि

- कार्यक्रम प्राप्तीको लागि आवेदन दिएका कृषक तथा संथाहरू कार्यक्रम प्राप्तीको लागि योग्य रहेको वा नरहेको प्रतिवेदन तयार पार्न प्राविधिक अनुगमन गरिने छ ।
- कार्यक्रम प्राप्त गरेका कृषक तथा संथाले सम्पुर्ण कार्य रित पुर्वक गरे नगरेको यकिन गर्न कार्यक्रम अवधि भर अनुगमन गरिने छ ।
- समिति गठन गरी सम्पुर्ण कार्यक्रमको समय समयमा अनुगमन गरिने छ ।
- अनुगमनबाट कार्यक्रमहरूको प्रभावकारिताको प्रतिवेदन तयार पारिनेछ ।

७.३ आर्थिक मापदण्ड

अनुगमनमा खटिने हरूलाइ संबन्धित कार्यक्रमबाट प्रचलित कानुन अनुसार दैनिक भत्ता तथा यातायात खर्च उपलब्ध गराउन सकिनेछ ।

## ८.मागमा आधारित कृषि कार्यक्रम

८.१ उद्धेश्य

कृषहरूको आवश्यकता र मागमा आधारित उत्पादन सामाग्री, यन्त्र उपकरण तथा प्रबिधिमा अनुदान सहयोग गरि कृषकहरूको आयआर्जनमा बृद्धि गर्ने ।

८.२ कार्यक्रमको लागि आवश्यक मापदण्ड

- कार्यक्रम माग गर्ने कृषक, कृषक फर्म, कृषक समुह, कृषि सहकारी हरूले सम्बन्धित कृषि उपजको व्यवसायिक रूपमा खेतिमा संलग्न भएको हुनुपर्ने छ ।
- कार्यक्रम माग गर्ने कृषक फर्म, कृषक समुह, कृषि सहकारी विधिवद रूपमा सम्बन्धित कार्यलयमा दर्ता गरेको हुनुपर्ने छ ।
- कृषि उपज उत्पादनको लागि आवश्यक सामाग्री, प्रबिधी, तथा पुर्वाधार माग गर्नेकृषक, कृषक फर्म, कृषक समुह, कृषि सहकारी हरूले विगत केही वर्ष देखी व्यवसायिक रूपमा उत्पादन गर्दै आएको हुनु पर्ने छ ।
- कृषि उपज बजारिकरणको लागि आवश्यक सामाग्री, प्रबिधी, तथा पुर्वाधार माग गर्नेकृषक, कृषक फर्म, कृषक समुह, कृषि सहकारी हरूले सम्बन्धित कृषि उपजहरू व्यवसायिक रूपमा उत्पादन गरि बजारिकरणमा संलग्न भएको हुनुपर्ने छ ।
- कार्यक्रम माग गर्ने कृषक, कृषक फर्म, कृषक समुह, कृषि सहकारी हरूले सोही प्रवितीको कार्यक्रम संघ, प्रदेश, तथा स्थनिय तहबाट अनुदान नपाएको हुनुपर्ने छ ।

८.३ कार्यक्रमको प्राविधिक पक्ष/संचालन विधि

- कृषकहरुबाट कर्यक्रम माग गर्नको लागि सिस्ने गाउँकार्यपालिकाको कार्यालयबाट १५ देखि २१ दिन सम्मको सार्वजनिक सुचना जारि गरि आबेदन माग गरिनेछ ।
- कार्यक्रम माग गर्न इच्छुक गाउँपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारि, कृषि फार्महरुले अनुसूची ३ बमोजिमको ढाँचामा निबेदन पेश गर्नुपर्दछ ।
- सुचनाको आधारमा पर्न आएका आबेदनमाथी प्राबिधिक तथा स्थलगत अनुगमनका साथै दफा ८.४ बमोजिम गठित मागमा आधारित कृषि कार्यक्रम संचालक समितिको निर्णय बमोजिम सम्बन्धित कृषक तथा संस्था छनोट गरिनेछ ।
- माग गरेका कार्यक्रममा सम्बन्धित संस्था तथा ब्यात्ति छनोट भइसकेपछि सम्बन्धित संस्थालाइअनुसुची ४ बमोजिमको यन्त्र, सामाग्री तथा कार्यक्रमहरू उपलबध गराइने छ ।

८.४ मागमा आधारित कृषि कार्यक्रम संचालक समिति

गाँउपालिकामा मागमा आधारित कृषि कार्यक्रम संचालन गर्नको लागि एक मागमा आधारित कृषि कार्यक्रम संचालक समिति रहनेछ। छनोट समितिमो गठन देहाय बमोजिम हुनेछ।

- प्रमुख प्रशासकिय अधिकृत संयोजक

- आर्थिक विकास समितिका संयोजक सदस्य
- कृषि बिकास शाखा प्रमुख सदस्य
- पशुपन्छी विकास शाखा प्रमुख सदस्य
- सम्बन्धित वडा हेर्ने कृषि प्राविधिक सदस्य
- सिस्ने गाउँपालिका स्तरिय कृषक संजालका प्रतिनिधी सदस्य

८.५अनुदान प्राप्त गर्नको लागि आवश्यक कागजातहरू

- कृषक फर्म, कृषक समुह, कृषि सहकारीको हकमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,
- कृषक समुह र कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी,
- सम्बन्धित वडा कार्यलयको सिफारिस,
- अनुसुची ३ बमोजिमको निवेदन,
- निवेदकको नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी,
- कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी

## ९. बगैचा व्यवस्थापन कार्यक्रम

९.१ उद्धेश्य

फलफूल बगैचामा देखिने समस्याहरु न्यूनिकरण गरी उत्पादन वृद्धी गर्ने ।

९.२ कार्यक्रमको लक्षीत वर्ग

सिस्ने गाउँपालिका भित्र स्याउ, किवि, सुन्तला, ओखर र अन्य फलफूलका बगैंचा सन्चालन गर्दै आएका कृषकहरू यस कार्यक्रमा सहभागी हुन सक्ने छन् ।

९.३ कार्यक्रमको संचालनविधि

क. सिस्ने गाउँपालिकाले कार्यक्रम गर्न सकिने बगैचा (क्षेत्र) छनोटका लागि आफ्ना वडा कार्यलयहरुमा पत्राचार गर्ने छ ।

ख. वडा कार्यलय बाट सिफारिस भएका बगैचा (क्षेत्र)को अनुगमन गाउपालिकाको कृषि विकास शाखाले अनुसूची ७ बमोजिमको ढाँचामा गर्ने छ ।

ग. शाखाले बनाएको अनुगमन प्रतिवेदन दफा ९.५ बमोजिम गठन भएको बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीमा पेश गरिने छ ।

घ. समितीले प्रविधिक हिसावले उपयुक्त, व्यवसायिक सम्भावना भएका तथा स्थानिय महत्व भएका फलफूल बगैचा (क्षेत्र) तथा उपयुक्त कार्यक्रम छनोट गर्ने छ ।

९.४ कार्यक्रममा संचालन गर्न सकिने क्रियाकलापहरु र तिनका प्राविधिक तथा आर्थिक पक्ष

१. Bordeaux paste अभियान

प्राविधिक पक्ष

क. यस अभियान अन्तर्गत छनोट भएका बगैचा (क्षेत्र)का विरुवा हरुमा Bordeaux paste लगाइने छ

ख. कृषि विकास शाखाले अनुसूचि ५ को ढाँचामा अनुगम गरे पस्चात तयार पारेको प्रतिवेदनको आधारमा बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीले क्षेत्र छनोट गरेपछी यो अभिया संचालन गरिने छ ।

आर्थिक पक्ष

क. Bordeaux paste अथवा Bordeaux paste बनाउन आवश्यक पर्ने सामाग्री सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

ख. कार्यक्रमको लाभग्रही हरुले अनिवार्य रुपमा निशुल्क Bordeaux paste लगाउने काम गर्नु पर्ने छ ।

ग. कार्यक्रमको अनुगमनमा खटीने कृषि प्रविधिकले नियम अनुसार दैनिक तथा भ्रमण खर्च प्राप्त गर्ने छन् ।

२. बगैंचा रेखाङ्कन अभियान

प्राविधिक पक्ष

क. यस अभियान अन्तर्गत छनोट भएका क्षेत्रमा नयाँ बगैंचा स्थापना गर्नु पुर्व प्रविधिक तथा आधुनिक तरिकाले सुहाउदो रेखाङ्कन गरिने छ ।

ख. कृषि विकास शाखाले अनुसूचि ५ को ढाँचामा अनुगम गरे पस्चात तयार पारेको प्रतिवेदनको आधारमा बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीले क्षेत्र छनोट गरेपछी यो अभिया संचालन गरिने छ ।

आर्थिक पक्ष

क. कार्यक्रममा आवस्यक सामाग्री सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

ख. कार्यक्रममा खटीने कृषि प्रविधिकले नियम अनुसार दैनिक तथा भ्रमण खर्च प्राप्त गर्ने छन् ।

३. फलफूल विरुवा खरिद तथा वितरण

प्राविधिक पक्ष

क. यस कार्यक्रम अन्तर्गत छनोट भएका क्षेत्रका कृषकहरुलाइ विरुवा वितरण गरिने छ ।

ख. कृषि विकास शाखाले अनुसूचि ५ को ढाँचामा अनुगम गरे पस्चात तयार पारेको प्रतिवेदनको आधारमा बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीले क्षेत्र छनोट गरेपछी यो अभिया संचालन गरिने छ ।

आर्थिक पक्ष

क. विजु तथा विरुवा सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

४. कृषि (फलफूल) औजार तथा उपकरण खरिद तथा वितरण

प्राविधिक पक्ष

क. यस कार्यक्रम अन्तर्गत छनोट भएका क्षेत्रका कृषकहरुलाइ फलफूल उत्पादनमा प्रयोग हुने औजार तथा उपकरण वितरण गरिने छ ।

ख. कृषक हरुलाइ अनुसूची ६ बमोजिमको औजार तथा उपकरण उपलब्ध गराउन सकिने छ ।

ग. कृषि विकास शाखाले अनुसूचि ५ को ढाँचामा अनुगम गरे पस्चात तयार पारेको प्रतिवेदनको आधारमा बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीले क्षेत्र छनोट गरेपछी यो अभिया संचालन गरिने छ ।

आर्थिक पक्ष

क. औजार तथा उपकरण सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

५. प्राङ्गगरिक मल तथा शुक्ष्म खाद्यतत्व खरिद तथा वितरण

प्राविधिक पक्ष

क. यस कार्यक्रम अन्तर्गत छनोट भएका क्षेत्रका कृषकहरुलाइ प्राङ्गगरिक मल तथा शुक्ष्म खाद्यतत्व वितरण गरिने छ ।

ख. कृषि विकास शाखाले अनुसूचि ५ को ढाँचामा अनुगम गरे पस्चात तयार पारेको प्रतिवेदनको आधारमा बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीले क्षेत्र छनोट गरेपछी यो अभिया संचालन गरिने छ ।

आर्थिक पक्ष

क. प्राङ्गगरिक मल तथा शुक्ष्म खाद्यतत्व सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ

**९.५ बगैचा व्यव्थापन कार्यक्रम संचालक समिति**

गाँउपालिकामा बगैचा व्यव्थापन कार्यक्रम संचालन गर्नको लागि एक बगैचा व्यव्थापन कार्यक्रम संचालक समितीमा रहनेछ। समितिको गठन देहाय बमोजिम हुनेछ।

- प्रमुख प्रशासकिय अधिकृत — संयोजक
- आर्थिक विकास समितिका संयोजक — सदस्य
- कृषि बिकास शाखा प्रमुख — सदस्य
- पशुपन्छी विकास शाखा प्रमुख — सदस्य
- सम्बन्धित वडा हेर्ने कृषि प्राविधिक — सदस्य
- सिस्ने गाउँपालिका स्तरिय कृषक संजालका प्रतिनिधि — सदस्य

बगैचा व्यव्थापन कार्यक्रम संचालक समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

- कृषि विकास शाखाबाट प्राप्त प्रतिवेदन उपर छलफल गरि क्षेत्र तथा कार्यक्रम छनोट गर्ने
- कार्यक्रमको कार्ययोजना निर्माण गर्ने
- आवश्यक परेको खन्डमा बैठक बस्ने

**१०. माटो व्यवस्थापन कार्यक्रम**

१०.१ उद्धेश्य

माटोको उर्वर सक्ती बढाइ उत्पादन वृद्धी गर्ने ।

१०.२ कार्यक्रमको लक्षीत वर्ग

सिस्ने गाउँपालिका भित्र कृषि उपज उत्पादन गर्दै आएका कृषकहरु यस कार्यक्रमा सहभागी हुन सक्ने छन् ।

**१०.३ कार्यक्रममा संचालन गर्न सकिने क्रियाकलापहरु र तिनका संचालनविधि तथा आर्थिक पक्ष**

१. माटो परिक्षण अभियान

संचालन विधि

क. यस अभियान अन्तर्गत विभिन्न चरणमा गाउँपालिकाका सबै वडामा sampling विधि बाट माटो संकलन गरी परिक्षण गरिने छ ।

ख. माटो परिक्षण गर्न आवश्यक उपकरणको उपलब्धता नभएमा माटो परिक्षण प्रयोगशालामा पठाइने छ ।

आर्थिक पक्ष

क. माटो परिक्षण गर्न आवश्यक पर्ने उपकरण सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

ख. माटोको नमुना माटो परिक्षण प्रयोगशालामा पठाउन परेमा ढुवानी खर्च यसै कार्यक्रमा विनियोजित वजेट बाट परिचालन गरिने छ ।

ग. माटो संकलनमा खटिने प्रविधिकले नियम अनुसारको दैनिक तथा भ्रमण खर्च प्राप्त गर्ने छन् ।

२. मिनीकिट खरिद

आर्थिक पक्ष

क. माटो परिक्षण गर्न आवश्यक पर्ने मिनीकिट सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

३. Cover crop विउ वितरण

संचालन विधि

क. दफा ११.५ अनुसार गठन भएको माटो व्यव्थापन कार्यक्रम संचालक समिती ले प्राविधिक हिसावले उपयुक्त (soil erosion prone) स्थान छनोट गरे पछि उक्त क्षेत्रका किसान हरुलाइ cover crop का विउ वितरण गरिने छ ।

आर्थिक पक्ष

क. cover crop का विउ सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

४. तालिम

संचालन विधि

क. तालिम आवश्यक पकेका स्थानमा सिस्ने गाउँपालिकाले प्रचलित नियम अनुसार तालिम संचालन गर्ने छ ।

आर्थिक पक्ष

क. तलिमको खर्च अनुसूची १ बमोजिम रहने छ ।

५. कम्पोस्ट मल उत्पादन अभियान

संचालन विधि

क. दफा ११.५ अनुसार गठन भएको माटो व्यव्थापन कार्यक्रम संचालक समिती ले प्राविधिक हिसावले उपयुक्त स्थान छनोट गरे पछि कृषक र कृषि कृषि विकास शाखा को सहभागितामा कम्पोस्ट मल उत्पादन अभियान संचालन गरिने छ ।

ख. कार्यक्रमको कार्ययोजना उक्त समितीले कृषि प्राविधिकको समन्वयमा गर्ने छ निर्माण गर्नेछ ।

आर्थिक पक्ष

क. कार्यक्रमको लागि आवश्यक सामाग्री सिस्ने गाउँपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्ने छ ।

## १०.५ माटो व्यव्थापन कार्यक्रम संचालक समिती

गाँउपालिकामा माटो व्यव्थापन कार्यक्रम संचालन गर्नको लागि एक माटो व्यव्थापन कार्यक्रम संचालक समितीमा रहनेछ। समितिको गठन देहाय बमोजिम हुनेछ।

- प्रमुख प्रशासकिय अधिकृत — संयोजक
- आर्थिक विकास समितिका संयोजक — सदस्य
- कृषि बिकास शाखा प्रमुख — सदस्य
- पशुपन्छी विकास शाखा प्रमुख — सदस्य
- सम्बन्धित वडा हेर्ने कृषि प्राविधिक — सदस्य
- सिस्ने गाउँपालिका स्तरिय कृषक संजालका प्रतिनिधि — सदस्य

माटो व्यव्थापन कार्यक्रम संचालक समितीको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

- उपयुक्त क्षेत्र तथा कार्यक्रम छनोट गर्ने
- कार्यक्रमको कार्ययोजना निर्माण गर्ने
- आवश्यक परेको खन्डमा बैठक बस्ने

## अनुसूची- १

## तालिम खर्चको विवरण

| सि.नं. | विवरण | इकाइ | दर रू |
|---|---|---|---|
| १ | प्रवचन वापत पारिश्रमिक (बाहिरी प्रस्तुतकर्ता) | प्रति व्यक्ति प्रति कक्षा रू | १६०० |
| २ | कार्यपत्र वापत पारिश्रमिक (बाहिरी प्रस्तुतकर्ता) | प्रति व्यक्ति प्रति कक्षा रू | १४०० |
| ३ | कार्यपत्र वापत पारिश्रमिक (आन्तरिक प्रस्तुतकर्ता) | प्रति व्यक्ति प्रति कक्षा रू | १६०० |
| ४ | खाजा तथा चिया खर्च | प्रति व्यक्ति प्रति दिन रू | २०० |
| ५ | खाना (खाना खुवाउनु पर्ने अबस्थामा) | प्रति व्यक्ति प्रति दिन रू | ३५० |
| ६ | शैक्षिक सामग्री | प्रति व्यक्ति रू | १०० |
| ७ | तालिम सामाग्री (मार्कर, चार्ट पेपर आदि) | प्रति तालिम रू | प्रचलित बजार दर |
| ८ | सहभागी लाइ यातायात खर्च | प्रति व्यक्ति प्रति दिन रू | ७०० |
| ९ | कार्यक्रम संयोजक/सहजकर्ता पारिश्रमिक | प्रति दिन रू | ८०० |
| १० | विविध (प्रमाण पत्र, उपकरण तथा कोठा भाडा, उत्घाटन खर्च आदि) | रू | प्रचलित बजार दर/ आवस्यकता अनुसार |

## अनुसूचि- २

## कृषि मेला प्रदर्शनीको अधिक्तम पुरस्कार रकम प्रती विधी तथा खर्च

| | |
|---|---|
| प्रथम पुरस्कार | रू १,००० |
| द्वितीय पुरस्कार | रू ७०० |
| तृतीय पुरस्कार | रू ५०० |
| सान्त्वना पुरस्कार | रू ३०० |
| पुर्वाधार निर्माण, प्रसार, व्यानर, चियापान | रू २०,००० |

## <u>अनुसूची-३</u>

## मागमा आधारित कार्यक्रमको लागि निवेदनको ढाँचा

श्री कृषि विकास शाखा  मिति
सिस्ने गाउँकार्यपालिकाको कार्यालय
रूकुमकोट, रूकुम (पूर्वी भाग)

बिषय : मागमा आधारित कार्यक्रममा सहभागि गराइदिनुहुन ।

प्रस्तुत बिषयका सम्बन्धमा यस सिस्ने गाँउपालिकाको कार्यालयको मिति ...................... मा प्रकाशित सूचनानुसार यसै गाउँपालिकाको वडा नं ....... निवासी म ......................कार्यक्रमा सहभागि हुन इच्छुक रहेकाले तँहा कार्यालयबाट ...................... अनुदानमा उपलब्ध हुने ...................... उपलब्ध गराइदीनुहुन निवेदन गर्दछु ।

नाम, थर

ठेगाना

मोवाइल न

संस्थाको नाम

## अनुसूची -४

## अनुदानमा उपलब्ध गराउन सकिने यन्त्र, सामाग्री, कार्यक्रमहरू

| क्र.स | कार्यक्रमको नाम | अनुदान (प्रतिशतमा ) |
|---|---|---|
| १ | नेपाल सरकारद्वारा उन्मोचित तथा सूचिकृत बिभिन्न वालिनालीको उन्नत तथा हाइब्रिड बिउँबिजन | बढिमा ५० |
| २ | फलफूलका विरूवाहरू | बढिमा ५० |
| ३ | मौरीपालनको लागि आवश्यक पर्ने बिभीन्न उपकरणहरू | बढिमा ५० |
| ४ | कृषि उपज उत्पादनको लागि संरचना निर्माण (टनेल, स्थाइ नर्सरी स्थापना, सिँचाइ, भर्मि बेड, बार जाली,आदि) | बढिमा ८५ |
| ५ | कृषि उपज उत्पादनमा प्रयोग हुने प्लास्टिक जन्य सामान (प्लस्टिक सिथ, प्लस्टिक मल्चिन, थोपा सिँचाइ सेट स्प्रिङकल, च्याउ खेतिको लागि ड्रम तथा कालो सिल्पाउलिन प्लाष्टिक, नर्सरी ट्रे, हजारी, ग्रीन नेट,सुपर ग्रेन ब्याग, प्लाष्टिक ट्रे, प्लाष्टिक पोखरी HDP पाइप, स्प्रे मसिन आदि) | बढिमा ५० |
| ६ | इन्धन बाट चल्ने उपकरण (हाते ट्रयाक्टर, जेनेरेटर, आदि)<br>बिजुलिबाटतथा मोटर चल्ने उपकरण (च्याप कटर,ट्रि कटर, ड्रिल मसिन, आदि)<br>Battery बाट चल्ने उपकरण (डिजिटल तराजु, ड्राएर आदि)<br>अन्य फलामे उपकरण (कर्न सेलर, फल टिप्ने औजार, आदि) | बढिमा ५० |
| ७ | खनजोतमा प्रयोग हुने औजार | बढिमा ५० |
| ८ | जैविक बिषादि तथा जैबिक मल खरिद | बढिमा ५० |
| ९ | काट छाँटको लागि औजार उपकरण | बढिमा ५० |
| १० | बालिनालीका किराहरू नियन्त्रणको लागि प्राङगरिक सामाग्री बिषादी, | बढिमा ५० |

नोट :

- ➔ माग गरिएका माथी उल्लेखीत यन्त्र, सामाग्री तथा कार्यक्रमहरू प्रविधिक अनुगमन पछि २०००० भन्दा कम रकममा उपलब्ध गराउन सकिने खन्डमा सत प्रतिस अनुदानको व्यबस्था गरिने छ।
- ➔ माथी छुट हुन गएका यन्त्र, सामाग्री, कार्यक्रमहरू दफा ८.४ को समितिको निर्णय बमोजिम थप हुनेछन ।
- ➔ कार्यक्रम लागु नभएको समयमा पनि निवेदन दिइ माथी उल्लेखीत यन्त्र, सामाग्री हरू माग गर्न सकिने छ ।

## अनुसूचि- ५
## बगैंचा व्यवस्थापन कार्यक्रमको अनुगमन मापदण्ड

क. वडा कार्यालयबाट सिफारिस गरिएको क्षेत्र

......................................................

ख. वडा नं

......................................................

ग. सिफारिस क्षेत्रको कुल क्षेत्रफल

......................................................

घ. उत्पादन हुदै आएको फलफूल

.......................................................

ङ. अनुमानित बोट संख्या

.......................................................

च. फलफूल उत्पादनको अवस्था

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

छ. प्रमुख समस्याहरु

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

ज. संचालन गर्न सकिने कार्यक्रम

- Bordeaux paste अभियान
- बगैचा रेखाङकन
- फलफुल विरुवा खरिद तथा वितरण
- कृषि फलफुल ओजार उपकरण
- प्राङ्गारिक मल तथा शुक्ष्म खाद्यतव

<u>कृषि प्राविधिकले तयार पारेको मूल्याङ्कन मापदण्ड</u>

सिफारिस क्षेत्र :

| क.सं | सूचमाङ्क आधार | अधिकतम अङ्क | प्राप्ताअङ्क |
|---|---|---|---|
| १ | सिफारिस क्षेत्रको क्षेत्रफल<br>……………………………………………………………………………… | १० | |
| २ | सम्भावित लाभान्वित वर्गको संख्या<br>……………………………………………………………………………… | १० | |
| ३ | फलफूल क्षेत्रफल विस्तारको सम्भावना<br>………………………………………………………………………………<br>……………………………………………………………………………… | १० | |
| ४ | कार्यक्रम हुने फलफूलको सामुहिक वा क्लष्टर खेतीको सम्भावना | १० | |

| | | | |
|---|---|---|---|
| | .................................................................................................................<br>................................................................................................................. | | |
| ५ | कार्यक्रम हुने फलफूलको प्राविधिक एवं भौगोलिक उपयुक्तता<br>................................................................................................................<br>................................................................................................................<br>................................................................................................................<br>................................................................................................................ | १० | |
| ६ | प्रस्तावित कार्यक्रम प्रविधिक तथा स्थानिय महत्वको हिसावले उपयुक्त<br>................................................................................................................<br>................................................................................................................<br>................................................................................................................<br>................................................................................................................ | १० | |
| ७ | कार्यक्रमको आपेक्षित लाभ<br>..............................................................................................................<br>............................................................................................................<br>............................................................................................................<br>............................................................................................................<br>............................................................................................................<br>............................................................................................................ | १० | |
| | कुल | | |

## अनुसूची - ६

### बगैचा व्यवस्थापन कार्यक्रमा कृषलाइ उपलब्ध गराउन सकिने औजार तथा उपकरणहरु

- आरि सिकेचर
- केरेट भर्याङ
- थोपा सिंचाइ
- मिनी टिलर

आज्ञाले

डिल्ली खड्का

प्रमुख प्रशासकीय अधिकृत